# विद्यालय गुणस्तर सुधार सहजकर्ता सम्बन्धी मापदण्ड २०७५

प्रमाणित
२०७५।३।१०
नगर प्रमुख

महाकाली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला

**प्रस्तावना**

नेपालको संविधानले स्थानीय तहलाई अनुसूचि–८ बमोजिम एकल अधिकार र अनुसूचि–९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा (११) को उपदफा (२) को खण्ड (ज) मा उल्लेखित आधारभुत र माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरुको कार्यान्वयन गर्न र विद्यालयलाई सञ्चालन, व्यवस्थापन तथा नियमन गरी शैक्षिक गुणस्तर अभिबृद्धि गर्न यस नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमन) गर्ने ऐन, २०७४ को दफा (४) र महाकाली नगरपालिकाको शिक्षा नियमावली, २०७५ को नियम ३७ ले दिएको अधिकार समेत कार्यान्वयन गर्ने गरी महाकाली नगरपालिकाले **विद्यालय गुणस्तर सूधार सहजकर्ता सम्बन्धी मापदण्ड, २०७५** जारी गरी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम **"विद्यालय गुणस्तर सुधार सहजकर्ता सम्बन्धी मापदण्ड, २०७५"** रहेको छ ।

२) यो मापदण्ड महाकाली नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

३) यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२ **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ लाई सम्झनु पर्ने र सो शब्दले महाकाली नगरपालिकाको प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन लाई समेत बुझाउनेछ ।

ख) "नियमावली" भन्नाले महाकाली नगरपालिकाको शिक्षा नियमावली, २०७५ सम्झनु पर्नेछ

ग) "कार्यपालिका" भन्नाले महाकाली नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

ङ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखामा काम गर्न तोकीएको अधिकृतलाई सम्झनु पर्छ ।

च) "श्रोतव्यक्ति" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्राविधिक सहयोग गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ ।

नगर प्रमुख

छ) "विद्यालय" भन्नाले नगरपालिका क्षेत्र भित्र स्थापित सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

ज) "प्रधानाध्यापक" भन्नाले कानुन बमोजिम नियुक्त भई विद्यालयको कामकाज गर्न तोकिएको व्यक्ति प्रधानाध्यापक सम्झनु पर्छ ।

झ) "सहजकर्ता" भन्नाले दरबन्दी तथा राहत कोटामा कार्यरत शिक्षक बाहेक नीजी स्रोतमा नियुक्त भई अध्यापन गर्न तोकिएको सहजकर्ता शिक्षक सम्झनु पर्नेछ ।

ञ) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा नियुक्त भई कामकाज गर्न खटाईएको सहजकर्ता शिक्षक सम्झनु पर्नेछ

ट) "अनुदान" भन्नाले सामुदायिक विद्यालयमा नियुक्त भएका सहजकर्ताहरुको निर्वाह खर्च वापत दिईने रकमलाई सम्झनु पर्छ ।

ठ) "दरबन्दी" भन्नाले मापदण्डको बुदा नं. ५ को आधारमा विद्यालयहरुलाई उपलब्ध गराउने र सहजकर्ता शिक्षक कोटा सम्झनु पर्नेछ ।

ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले कानुनमा तोकिएको वा तोकिए बमोजिम हुनेछ ।

**३.उद्देश्य :**

क) शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका तथा न्यून दरबन्दी भएका सामुदायिक विद्यालयहरुको संचालन, व्यवस्थापन र विकासमा सघाउ पुऱ्याउने,

ख) विद्यालयहरुमा बिषयगत शिक्षकहरुको व्यवस्थापन गरी विद्यार्थीहरुको सिकाई उपलब्धि अभिबृद्धि गर्ने,

ग) विद्यालयले निजि स्रोतमा नियमानुसार आवश्यक प्रकृया पुऱ्याई नियूक्ति गरेका शिक्षकहरुको पारिश्रमिक उपलब्ध गराई विद्यालयहरुको शैक्षिक उपलब्धि बृद्धि गराउने,

घ) शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका तथा न्यून दरबन्दी भएका यस नगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा शिक्षक सहायता वापतको एकमुष्ट अनुदान रकम प्रदान गरी विद्यालयहरुलाई गुणस्तरीय रुपमा संचालन गर्ने,

ङ) विद्यालयको सर्बपक्षीय विकास तथा आन्तरिक क्षमता बलियो बनाई विद्यालयलाई वातावरण मैत्री तथा बालमैत्री बनाउन तर्फ अग्रसर बनाईने ।

## परिच्छेद–२

## विद्यालय अनुदान सम्बन्धी व्यवस्था

४. **विद्यालय अनुदान सम्बन्धी व्यवस्था :** ४.१) तोकिएको मापदण्ड पुरा गरेका शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका तथा न्यून दरबन्दी भएका नगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा सहजकर्ता (स्वयम् सेवक) शिक्षकको निर्वाह खर्च वापतको एकमुष्ट अनुदान रकम प्रदान गराउन सकिनेछ ।

४.२) बुदा नं. (४.१) अनुसार निर्वाह खर्च अनुदान दिन मापदण्डको बुदा नं. ४ (३) को विद्यार्थी अनुपात र बुदा नं. ५ बमोजिम दरबन्दी संरचना (कोटा) र बुदा नं. ७ बमोजिम विद्यालयले पुरा गरेको शर्त अनुसार कार्यालयको निर्णय अनुसार दरबन्दी (कोटा) सृजना भए बमोजिम हुनेछ ।

४.३) **विद्यार्थी संख्या सम्बन्धी मापदण्ड** : विद्यालयमा विद्यार्थी संख्याको अनुपात देहाय बमोजिम हुनु पर्नेछ ।

क) आधारभूत तहको कक्षा १–५ शिक्षक विद्यार्थी अनुपात३५ जना

ख) आधारभूत तहको कक्षा ६–८ शिक्षक विद्यार्थी अनुपात३० जना

ग) माध्यमिक तहको कक्षा ९–१० मा शिक्षक विद्यार्थी अनुपात२५ जना

घ) सहजकर्ता शिक्षा अनुदानमा सहजकर्ता अनुदान प्राप्त गर्न बुदा नं. (४.३) को खण्ड (क), (ख) र (ग) को न्युनतम विद्यार्थी संख्या भन्दा ५० प्रातिशत बढी हुनु पर्नेछ,

ङ) माथिका बुदाहरुमा जुनसुकै कुरा लेखिएको भए पनि भौगोलिक बिकटता तथा संचालित कक्षालाई आधार मानी विद्यार्थी संख्याको आधारमा शिक्षक अनुदान दिन सकिनेछ ।

४.४) **सहजकर्ता शिक्षक व्यवस्थापन सम्बन्धी मापदण्ड :** विद्यालयमा शिक्षक व्यवस्थापन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनु पर्नेछ ।

क) शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका तथा न्यून दरबन्दी भएका सामुदायिक विद्यालयहरुले उक्त अनुदान रकम पाउन विषयगत सहजकर्ता शिक्षकहरु भर्ना गरेको हुनु पर्नेछ ।

ख) विद्यालयमा शिक्षक व्यवस्थापन गर्दा बुदा नं. ४ (३) अनुसारको विद्यार्थी अनुपात अनुसार सहजकर्ता शिक्षक व्यवस्थापन गरेको हुनु पर्नेछ ।

ग) आधारभुत तह कक्षा ६–८ र माध्यमिक तहको ९–१० को हकमा बूदा ४ (३) बमोजिमको आधारमा शिक्षक व्यवस्थापन गरिनेछ ।

४.५) शिक्षक विद्यार्थी अनुपात बढी भएका विद्यालयहरुको हकमा बुदा नं. (४.३) शिक्षक/विद्यार्थी संख्यालाई आधारमानी सहजकर्ता शिक्षक अनुदान प्रदान गर्न सकिने छ ।

४.६) शिक्षक अनुदान पाउन विद्यालयले विद्यालय व्यवस्थापन समितिबाट आवश्यक प्रक्रिया पुरा गरी कानुन बमोजिम तोकिएको शैक्षिक योग्यता भएका बिषयगत सहजकर्ता शिक्षक नियुक्ति गरेको हुनु पर्नेछ ।

४.७) आधारभूत तहको कक्षा ६–८ र माध्यमिक तहको कक्षा ९–१० मा एकै बिषयका दुई जना सहजकर्ता शिक्षक नियूक्ति गरेको पाईएमा सहजकर्ता शिक्षक अनुदान दिईनेछैन् ।

**५. सहजकर्ता शिक्षक दरबन्दी व्यवस्थापन सम्बन्धी व्यवस्था:**

५.१) आधारभूत तहको कक्षा १–३ मा एक पनि राहत दरबन्दी नपाएको विद्यालयले १ जना सहजकर्ता शिक्षक बराबर तोकिएको अनुदान पाउने र त्यस्ता विद्यालयहरुमा १ दरबन्दी वा राहत अनुदान कोटा भए अनुदान रकम नपाईने ।

५.२) आधारभूत तहको कक्षा १–५ का लागि एक पनि राहत दरबन्दी नपाएका विद्यालयलाई २ जना सहजकर्ता शिक्षक बराबरको अनुदान पाउने तर बूदा नं. (४.३) बमोजिमको विद्यार्थी संख्या भएको हुनु पर्नेछ,

५.३) आधारभूत तहको कक्षा ६–८ मा एक पनि राहत/दरबन्दी नपाएका विद्यालयलाई २ जना सहजकर्ता शिक्षक बराबरको अनुदान पाउने । तर १ दरबन्दी वा राहत अनुदान कोटा पाएको भए १ जनाको मात्र अनुदान पाउनेछ,

५.४) माध्यमिक तहको कक्षा ९–१० को हकमा न्यूनतम ३ जना सहजकर्ता शिक्षक बराबरको अनुदान रकम पाउने तर विद्यालयले १ दरबन्दी वा राहत अनुदान कोटा पाएको भएमा २ जना सहजकर्ता शिक्षक बराबरको अनुदान पाउनेछ,

५.५) बुदा नं. ४.१ बमोजिम विद्यालयहरुलाई सहजकर्ता शिक्षक कोटा विद्यार्थी संख्याको आधारमा कार्य गरिने हुंदा सहजकर्ता शिक्षक कोटा कार्यपालिकाले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ ।

नगर प्रमुख

परिच्छेद–३

## अनुदान र विद्यालयको शर्त सम्बन्धी व्यवस्था

**६. सहजकर्ता शिक्षक अनुदानको आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

६.१) कार्यविधिको बुदा नं. ४ (४) को शिक्षक व्यवस्थापन मापदण्ड र बुदा नं. ५ बमोजिमको दरबन्दी संरचना अनुसार नियुक्त भएका सहजकर्ता शिक्षकहरुलाई दिईने शिक्षक अनुदान सम्बन्धित विद्यालयको बैंक खाता मार्फत चौमासिक निकासा दिईनेछ ।

६.२) सहजकर्ता शिक्षकहरुलाई निर्वाह खर्च देहाय बमोजिम हुनेछ ।

क) आधारभुत तह कक्षा १–५ को निजि स्रोतमा नियूक्ति गरिएका सहजकर्ता शिक्षकका लागि मासिक रु ८०००।– आठ हजारका दरले १३ महिनाको हुन आउने रकम निर्वाह खर्च रकम दिइनेछ ।

ख) आधारभुत तह कक्षा ६–८ को हकमा मासिक १२०००।– बाह्र हजारका दरले १३ महिनाको हुन आउने रकम निर्वाह खर्च रकम दिईनेछ ।

ग) माध्यमिक तहको कक्षा ९–१० को हकमा मासिक १६०००।– सोह्र हजारका दरले १३ महिनाको हून आउने रकम निर्वाह खर्च रकम दिईनेछ ।

६.३) सहजकर्ता शिक्षक नियुक्त गरी काम काजमा लगाएको विद्यालयले सहजकर्ता शिक्षकको निर्वाह खर्च कुनै कारण भुक्तानी नभएमा उक्त रकम विद्यालयले नगरपालिकाको संचित कोष खातामा फिर्ता गर्नु पर्नेछ ।

**७. अनुदान सम्बन्धमा विद्यालयले पुरा गर्नु पर्ने शर्त सम्बन्धी व्यवस्था :**

क) निजि स्रोतमा सहजकर्ता शिक्षक नियूक्ति गरेको प्रमाणिकरण,

ख) चालु शैक्षिक शत्रको विद्यार्थी विवरण Student ID तयार गरेको Soft Copy,

ग) विद्यालयको बार्षिक कार्य योजना,

घ) विद्यालयको बार्षिक शैक्षिक योजना,

ङ) गत आ.ब.को अन्तिम लेखा परीक्षण र समजिक लेखापरीक्षणको प्रतिबेदन,

च) विद्यालयको शुल्कको प्रमाणिकरण प्रमाण,

छ) विद्यालय सुधार योजना अध्यावधिक गरेको हुनु पर्ने,

नगर प्रमुख

ज) महाकाली नगरपालिकाको शिक्षा नियमावली बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरेको जानकारी तथा विद्यालय व्यवस्थापन समितिको सिफारिस पत्र,

झ) वडा कार्यलयको सिफारिस पत्र ।,

८. **बिशेष व्यवस्था** : आधारभूत तहको कक्षा १–३ संचालित विद्यालयको हकमा बिगत देखि विद्यालयको निजि स्रोतमा नियूक्ति पाई कार्यरत रहेको अवस्थामा १ दरबन्दी वा राहत कोटा प्राप्त भएता पनि एक पटकको लागि त्यस्तो विद्यालयलाई शैक्षिक सत्र २०७४ का लागि समेत सहजकर्ता शिक्षक अनुदान दिईनेछ ।

९. **संशोधन सम्बन्धी व्यवस्था** : १) यस मापदण्डमा थपघट तथा संशोधन गर्नु पर्ने वान्छनीय भएमा कार्यपालिकाबाट संशोधन गर्न सकिने छ ।

१०. **बचाऊ तथा खारेजी:** यस कार्यविधिमा उल्लेख भएको बाहेक प्रक्रियाहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

नगर प्रमुख